# रघुगंगा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

गण्डकी प्रदेश, नेपाल

आज मिति २०८२ पौष महिना १४ गते सोमबारका दिन यस रघुगंगा गाउँपालिकाका अध्यक्ष श्री भवबहादुर भण्डारीज्यूको अध्यक्षतामा भएको २०औं गाउँ सभामा तपसिलको उपस्थितिमा छलफल गरी तपसिल बमोजिम निर्णय गरियो।

**दोस्रो बैठकको उपस्थिति :**

| सि.नं. | नाम थर | पद | हस्ताक्षर | कैफियत |
|---|---|---|---|---|
| १ | श्री भवबहादुर भण्डारी | अध्यक्ष | | |
| २ | श्री प्रेम कुमारी पुन | उपाध्यक्ष | | |
| ३ | श्री बिलबहादुर फगामी | १ नं. वडा अध्यक्ष | | |
| ४ | श्री अमृत भण्डारी | २ नं. वडा अध्यक्ष | | |
| ५ | श्री खिम बहादुर शाही | ३ नं. वडा अध्यक्ष | | |
| ६ | श्री पविन गर्बुजा | ४ नं. वडा अध्यक्ष | | |
| ७ | श्री मनबहादुर शेरमन्जा | ५ नं. वडा अध्यक्ष | | |
| ८ | श्री मनकुमार शेरपुजा मगर | ६ नं. वडा अध्यक्ष | | |
| ९ | श्री थक बहादुर पाईजा | ७ नं. वडा अध्यक्ष | | |
| १० | श्री गमान छन्त्याल | ८ नं. वडा अध्यक्ष | | |
| ११ | श्री कुमारी पुर्जा गर्वुजा | गाउँ सभा सदस्य | | |
| १२ | श्री प्रिति गर्वुजा | गाउँ सभा सदस्य | | |
| १३ | श्री होम बहादुर दर्जी | गाउँ सभा सदस्य | | |
| १४ | श्री धनमाया घताने गोतामे | गाउँ सभा सदस्य | | |
| १५ | श्री सेमिता पुन | गाउँ सभा सदस्य | | |
| १६ | श्री सम्झना परियार | गाउँ सभा सदस्य | | |
| १७ | श्री भक्त बहादुर पुन | गाउँ सभा सदस्य | | |
| १८ | श्री बलमान गौचन | गाउँ सभा सदस्य | | |
| १९ | श्री सुनिता वि.क. | गाउँ सभा सदस्य | | |
| २० | श्री नर बहादुर भण्डारी | गाउँ सभा सदस्य | | |

| | | | | |
|---|---|---|---|---|
| २१ | श्री कृष्ण बहादुर कटुवाल क्षेत्री | गाउँ सभा सदस्य | | |
| २२ | श्री उमादेवी के.सी | गाउँ सभा सदस्य | | |
| २३ | श्री रसिला परियार | गाउँ सभा सदस्य | | |
| २४ | श्री राम्जी शर्मा | गाउँ सभा सदस्य | | |
| २५ | श्री जित बहादुर खत्री | गाउँ सभा सदस्य | | |
| २६ | श्री जयन्ती मल्ल भण्डारी | गाउँ सभा सदस्य | | |
| २७ | श्री अईती दर्जी | गाउँ सथा सदस्य | | |
| २८ | श्री चित्र बहादुर गर्वुजा | गाउँ सभा सदस्य | | |
| २९ | श्री राज कुमारी गर्वुजा | गाउँ सभा सदस्य | | |
| ३० | श्री आरती वि.क. | गाउँ सभा सदस्य | | |
| ३१ | श्री डम बहादर रोका | गाउँ सभा सदस्य | | |
| ३२ | श्री राम बहादुर थजाली | गाउँ सभा सदस्य | | |
| ३३ | श्री दिल्ल कुमारी पुर्जा | गाउँ सभा सदस्य | | |
| ३४ | श्री दल प्रसाद पुन | गाउँ सभा सदस्य | | |
| ३५ | श्री टेकजित छन्त्याल | गाउँ सभा सदस्य | | |
| ३६ | श्री मिना पुन | गाउँ सभा सदस्य | | |
| ३७ | श्री निर्मला वि.क. | गाउँ सभा सदस्य | | |
| ३८ | श्री प्रेम बहादुर पुन | गाउँ सभा सदस्य | | |
| ३९ | श्री चेतन थापा | गाउँ सभा सदस्य | | |
| ४० | श्री सत्त देवी पुन | गाउँ सभा सदस्य | | |
| ४१ | श्री च बहादुर छन्त्याल | गाउँ सभा सदस्य | | |
| ४२ | श्री अगेन्द्र छन्त्याल | गाउँ सभा सदस्य | | |
| ४३ | श्री याम कुमारी गोतामे घर्ती | गाउँ सभा सदस्य | | |
| ४४ | श्री कुलराज पौडेल | गाउँ सभा सचिव | | |
| अन्य उपस्थिति | | | | |
| ४५ | श्री पदम बहादुर भण्डारी | प्रशासकीय अधिकृत | | |
| ४६ | श्री अर्जुन गौतम | लेखा अधिकृत | | |
| ४७ | कमला कि. चारेवाल | प्रो. इन्जि | | |

| | | | | |
|---|---|---|---|---|
| ४८ | सन्ध्या रेग्मी | सब-ई | [signature] | |
| ४९ | उर्मिला बोहरा | प्रा.स | [signature] | |
| ५० | मंगला भण्डारी | न्यायिक सहजकर्ता | [signature] | |
| ५१ | धर्म कुमारी थापा | E.D.E | [signature] | |
| ५२ | गीता बल्वाल क्षेत्री | रोजगार सहायक | [signature] | |
| ५३ | बकुला पुन | एन.आई.एम अपेल | Basuta | |
| ५४ | प्रमिला थापा | स.म.वि.नि | [signature] | |
| ५५ | रेखा जाईजा | प्रशासन सहायक | [signature] | |
| ५६ | रिवना कुंवरमगर पुन | का. स. | Bhima | |
| ५७ | दुर्गा देवी भण्डारी | परिचालक | [signature] | |
| ५८ | रना खत्री | का. स | [signature] | |
| ५९ | धनराम देवकोटा | खा.पा.सै.ह | [signature] | |
| ६० | रोशन पुन | सहायक चौथो | [signature] | |
| ६१ | प्रेमचन्द्र [illegible] | सा.प्रा.स. | [signature] | |
| ६२ | कृष्ण बकुवाल | सि. लेखा अधिकृत | [signature] | |
| ६३ | हेमराज पाँडे | स. प्र. अ. | [signature] | |
| ६४ | नरेन्द्र बनछोमी | शिक्षा.अ | [signature] | |
| ६५ | शिव. क. थापा | स.प्र.अ | [signature] | |
| ६६ | कुविर थापा | प्राविधिक | [signature] | |
| ६७ | पुजान चौरवाल | प्राविधिक | [signature] | |
| ६८ | विक बहादुर गढीजा | क. ल | [signature] | |
| ६९ | अजित शर्मा | अ.हे.व. | [signature] | |
| ७० | योगेन्द्र ब कार्की | अ.हे. | [signature] | |
| ७१ | बुद्धिसागर शर्मा | स.क.अ. | Bhima. | |
| ७२ | डीला व भण्डारी | का. ल | [signature] | |
| ७३ | पार्वती खत्री | ,, | पार्वती | |
| ७४ | | | | |
| ७५ | | | | |

# मिति २०८२।०९।१४ गतेको २०औं गाउँसभाका प्रस्तावहरू

प्रस्ताव नं. १. गत आ.व. २०८१।८२ को आय-व्ययको यथार्थ विवरण तथा चालु आ.व. २०८२।८३ को अर्धवार्षिक प्रगति समिक्षा सहितको अध्यक्षको वक्तव्य सम्बन्धमा,

प्रस्ताव नं. २. उपाध्यक्षको वक्तव्य बजेट तथा कार्यक्रम संधोधन तथा आर्थिक ऐन, २०८२ माथिको संशोधन सहित राजश्व परामर्श समितिको प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं. ३. मिति २०८२।०३।०५ गतेपछिका कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत तहबाट भएका सम्पूर्ण निर्णयहरुको अनुमोदन सम्बन्धमा,

प्रस्ताव नं. ४. विषयगत समितिको निर्णय अनुमोदन सम्बन्धमा,

प्रस्ताव नं. ५. न्यायिक समितिको प्रतिवेदन पारित सम्बन्धमा,

प्रस्ताव नं. ६. आ.व. २०८२।८३ को हालसम्म भएको खर्चको अनुमोदन सम्बन्धमा,

प्रस्ताव नं. ७. महालेखा परीक्षकको आ.व. २०८१।८२ को प्रारम्भिक लेखापरीक्षण प्रतिवेदन सम्बन्धमा,

प्रस्ताव नं. ८. विविध खर्च खातामा रकम जम्मा गर्ने तथा गाउँपालिका कार्यालयको घेराबार (कम्पाउण्ड वाल) तथा प्राङ्गण फिलिङ गरी सम्याउने इस्टिमेट बमोजिमको कार्य सम्बन्धमा,

प्रस्ताव नं. ९. गाउँपालिकाको प्रशासकीय भवन निर्माणका लागि बजेट सुनिश्चित गरी ठेक्का आह्वान गर्ने सम्बन्धमा ।

निर्णय नं. १

प्रस्ताव नं. १ माथि छलफल गर्दा गत आ.व. २०८१।८२ को आय-व्ययको यथार्थ विवरण तथा चालु आ.व. २०८२।८३ को अर्धवार्षिक प्रगति समिक्षा सहितको अध्यक्षको वक्तव्य सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो।

## गाउँपालिका अध्यक्ष श्री भव बहादुर भण्डारीद्वारा २०औं गाउँ सभामा प्रस्तुत गत आ.व. २०८१।८२ को यथार्थ आय-व्यय विवरण तथा चालु आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम र बजेट माथीको संक्षिप्त समिक्षात्मक प्रगति विवरण

# रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

पौष १४, २०८२

CamScanner

गाउँ सभाका उपाध्यक्षज्यू,

गाउँ सभाका सदस्यज्यूहरु ।

रघुगंगा गाउँपालिकाको २०औं गाउँ सभाको यस महत्वपूर्ण अवसरमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४ तथा समय-समयमा संघीय सरकार र प्रदेश सरकारबाट जारी गरिएका ऐन, नियम, नीति तथा निर्देशिकाहरुले दिएको अधिकार र गाउँपालिका अध्यक्ष पदलाई महत्त्वपूर्ण जिम्मेवारीका रुपमा बोध गर्दै गत आर्थिक वर्ष २०८१।८२ को यथार्थ आय र व्ययको विवरण तथा चालु आर्थिक वर्ष २०८२।८३ को बजेटको अर्धवार्षिक समिक्षात्मक प्रगतीलाई संक्षिप्त रुपमा यस गरिमामय सभा समक्ष प्रस्तुत गर्न गईरहेको छु ।

यस अवसरमा मुलुकमा नागरिक सर्वोच्चता, असल शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन, जेन्जी आन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवनको आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति हार्दिक श्राद्धाञ्जली अर्पण गर्दछु । स्थानीय तहको दोश्रो निर्वाचन २०७९ मार्फत हामीलाई रघुगंगा गाउँपालिकाको नेतृत्व प्रदान गर्नुहुने सम्पूर्ण मतदाता तथा गाउँपालिकाबासीहरुप्रति कृतज्ञता व्यक्त गर्दछु ।

चालु आ.व. को सुरुदेखि हालसम्म आइपुग्दा उन्नाईसौं गाउँ सभाबाट प्रस्तुत नीति तथा कार्यक्रमहरुले दिशा निर्देश गरेका लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागि उपयुक्त किसिमले कार्यक्रम, योजना र बजेटको व्यवस्थापन गरिएको थियो । यस्ता हरेक कार्यक्रम, योजना र बजेट उचित तवरले परिचालन हुँदै आएको व्यहोरा निवेदन गर्न चाहन्छु । साथै हामीले उन्नाईसौं गाउँ सभाबाट अंगिकार गरेका नीति तथा कार्यक्रम, योजना र बजेटहरुबाट निर्दिष्ट गरिएका महत्त्वपूर्ण लक्ष्य तथा उद्देश्यहरु हासिल गर्नका लागी अथक प्रयास जारी राखिएको छ । यस प्रकारका कार्यक्रमहरुबाट गाउँपालिकाको मात्र नभई समग्र राष्ट्रिय विकासका लक्ष्य प्राप्त गर्न समेत टेवा पुग्ने विश्वास लिइएको छ ।

स्थानीय सरकारलाई प्राप्त अधिकार क्षेत्रभित्रका स्रोत र साधनको परिचालनलाई प्रभावकारी बनाउन करको दायरा बढाउने तथा मालपोत कर, बहाल कर, व्यवसाय कर, सिफारिस दस्तुर, व्यक्तिगत घटना दर्ता दस्तुर, सिफारिस दस्तुर जस्ता कर तथा दस्तुरलाई राजश्व सङ्कलनको प्रमुख आधारको रुपमा लिइएको छ भने अन्य सम्भाव्य कर र राजश्व

परिचालनलाई वस्तुगत विश्लेषण, औचित्य र आवश्यकताका आधारमा समेट्दै तथा परिमार्जन गर्दै आइएको छ । राजश्व प्रशासनलाई सूचना प्रविधिमा आधारित बनाउँदै राजश्व सङ्कलन प्रकृयालाई सरल र सेवाग्राहिमुखी तथा करदातामैत्री बनाइएको छ ।

चालु आर्थिक वर्ष २०८२।८३ को बजेटलाई सन्तुलित एवम् समावेशी विकास, आर्थिक वृद्धि, सुशासन, पूर्वाधारको दिगो विकास, रोजगारी तथा सीपमुलक तालिम, पर्यटन विकास र सामाजिक विकासको कार्यमा लक्षित गर्ने प्रयास गरिएको छ भने उक्त क्षेत्रहरुको लक्षित उपलब्धी हासिल हुने गरी योजना तथा कार्यक्रमहरुको कार्यान्वयन भइरहेको व्यहोरा यस गरिमामय सभा समक्ष जानकारी गराउन चाहन्छु ।

नेपालको संविधान, नेपालको दीर्घकालीन विकास लक्ष्य, सोह्रौं योजना, संघीय सरकारको नीति तथा कार्यक्रम, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र आवधिक योजना सहित स्थानीय राजनैतिक दलहरु, स्थानीय विज्ञ, नागरिक समाजका अगुवा, विषयगत समिती लगायत सरोकारवाला संघ-संस्थाहरुको उचित र उपयुक्त सुझाव समेतलाई बजेट कार्यान्वयन एवम् आवश्यक संशोधनका क्रममा मनन गरेको छु । साथै, उन्नाईसौं गाउँ सभामा प्रस्तुत गरिएको आ.व. २०८२।८३ को नीति तथा कार्यक्रमलाई प्रमुख आधार बनाई कार्यान्वयनको चरणमा रहेको हालसम्मको संक्षिप्त प्रगति विवरण प्रस्तुत गर्न चाहन्छु ।

**गाउँ सभाका उपाध्यक्षज्यू,**
**गाउँ सभाका सदस्यज्यूहरु ।**

अब म गाउँपालिकाको गत आ.व. २०८१।८२ मा भएको आन्तरीक तथा बाह्य राजश्व परिचालन लगायत समग्र बजेटको परिचालनतर्फ भएको यथार्थ प्रगतिबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**राजश्व परिचालन**

गाउँपालिकाको आ.व. २०८१।८२ मा ४८ करोड ६८ लाख १९ हजार रुपैयाँ संशोधित अनुमान स्वीकृत गरिएकोमा आ.व. को अन्त्यमा ४२ करोड ३६ लाख ६९ हजार ४ सय ५७ रुपैयाँ ६९ पैसा अर्थात कुल अनुमानको ८७.०३% यथार्थ राजश्व तथा अनुदान संकलन भएको व्यहोरा पेश गर्दछु ।

**बजेट परिचालन**

CamScanner

त्यसैगरी गाउँपालिकाको आ.व. २०८१।८२ मा बजेट परिचालनतर्फ भएको यथार्थ स्थिति प्रस्तुत गर्न चाहन्छु ।

**चालु खर्चतर्फः**

चालु खर्च शिर्षक अन्तर्गत ३६ करोड २१ लाख ६७ हजार रुपैयाँ संशोधित विनियोजन स्वीकृत गरिएकोमा आ.व. को अन्त्यमा २९ करोड ८१ लाख ७२ हजार ४ सय ६ रुपैयाँ ९३ पैसा अर्थात कुल स्वीकृत विनियोजनको ८२.३३% यथार्थ खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

**पूँजीगत खर्चतर्फः**

पूँजीगत खर्च शिर्षक अन्तर्गत १२ करोड ४६ लाख ५२ हजार रुपैयाँ संशोधित विनियोजन स्वीकृत गरिएकोमा आ.व. को अन्त्यमा ८ करोड २७ लाख ७१ हजार ६ सय ८९ रुपैयाँ १५ पैसा अर्थात कुल स्वीकृत विनियोजनको ६६.४०% यथार्थ खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

यसरी समग्रमा, आ.व. २०८१।८२ मा ३८ करोड ९ लाख ४४ हजार ९६ रुपैयाँ ८ पैसा खर्च अर्थात ७८.२५% यथार्थ वित्तीय प्रगती हासिल भएको व्यहोरा पेश गर्दछु ।

**गाउँसभाका उपाध्यक्ष्यज्यू तथा सदस्यज्यूहरु,**

अब म गत आ.व. २०८१।८२ मा गाउँपालिकाको विषयगत क्षेत्रतर्फ भएको प्रगतिको यथार्थ अवस्थाबारे संक्षिप्त विवरण पेश गर्ने अनुमति चाहन्छु ।

**आर्थिक विकास क्षेत्र**

गाउँपालिकाको आ.व. २०८१।८२ मा आर्थिक विकास क्षेत्रका लागि १ करोड ६७ लाख ४ हजार रुपैयाँ संशोधित बजेट स्वीकृत गरिएकोमा आ.व. को अन्त्यमा १ करोड १७ लाख २३ हजार ९ सय ७६ रुपैयाँ अर्थात कुल स्वीकृत बजेटको ७०.१९% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु ।

**सामाजिक विकास क्षेत्र**

गाउँपालिकाको आ.व. २०८१।८२ मा सामाजिक विकास क्षेत्रका लागि २५ करोड १७ लाख ९५ हजार रुपैयाँ संशोधित बजेट स्विकृत गरिएकोमा आ.व. को अन्त्यमा २१ करोड

CamScanner

४२ लाख १२ हजार ८ सय ९२ रुपैयाँ ३५ पैसा अर्थात कुल स्वीकृत बजेटको ८५.०७% यथार्थ वित्तीय प्रगति भएको व्यहोरा निवेदन गर्दछु ।

**पूर्वाधार विकास क्षेत्र**

गाउँपालिकाको आ.व. २०८१।८२ मा पूर्वाधार विकास क्षेत्र अन्तर्गत ९ करोड ८३ लाख ९० हजार रुपैयाँ संशोधित बजेट विनियोजन गरिएकोमा आ.व. को अन्त्यमा ५ करोड ९५ लाख ७९ हजार २ सय ४५ रुपैयाँ १५ पैसा अर्थात कुल स्वीकृत विनियोजनको ६०.५५% यथार्थ वित्तीय प्रगति भएको व्यहोरा पेश गर्दछु ।

**सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र**

आ.व. २०८१।८२ मा गाउँपालिकाले सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रका लागि २ करोड २३ लाख ५५ हजार रुपैयाँ संशोधित बजेट स्वीकृत गरेकोमा आ.व. को अन्त्यमा १ करोड ९० लाख ९२ हजार ६ सय ७० रुपैयाँ ६८ पैसा अर्थात कुल स्वीकृत बजेटको ८५.४१% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु ।

**कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्र**

गाउँपालिकाबाट आ.व. २०८१।८२ मा कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रका लागि ९ करोड ७५ लाख ७५ हजार रुपैयाँ संशोधित बजेट स्वीकृत गरिएकोमा आ.व. को अन्त्यमा ७ करोड ६३ लाख ३५ हजार ३ सय ११ रुपैयाँ ९० पैसा अर्थात कुल स्वीकृत बजेटको ७८.२३% यथार्थ वित्तीय प्रगति हासिल भएको व्यहोरा पेश गर्दछु । जसको विस्तृत विवरण अनुसूची -१ मा उल्लेख गरेको छु ।

**गाउँसभाका उपाध्यक्ष्यज्यू एवम् सदस्यज्यूहरु,**

अब म गाउँपालिकाबाट चालु आ.व. २०८२।८३ को अर्धवार्षिक समयाअवधी व्यतीत हुँदासम्म पौष महिनाको १० गतेसम्म भएको आन्तरिक तथा बाह्य राजश्व परिचालन तथा समग्र बजेटको परिचालनतर्फ भएको यथार्थ प्रगतिबारे संक्षिप्त समिक्षात्मक विवरण प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**राजश्व परिचालन**

CamScanner

गाउँपालिकाले आ.व. २०८२।८३ को लागि ५१ करोड ७८ लाख ४० हजार ८ सय २० रुपैयाँ राजश्व अनुमान स्वीकृत गरेको मध्ये २०८२ पौष १० गतेसम्म संघीय सरकार समानिकरण अनुदान तर्फको ४ करोड ६४ लाख रुपैयाँ, गण्डकी प्रदेश सरकार समानिकरण अनुदान तर्फको ५० लाख ८३ हजार ५ सय रुपैयाँ, संघीय सरकार सशर्त अनुदान तर्फको १४ करोड २४ लाख ७६ हजार रुपैयाँ, संघीय सरकार राजश्व बाँडफाँट तर्फको ३ करोड ५२ लाख ९१ हजार १ सय २६ रुपैयाँ ५ पैसा, गण्डकी प्रदेश सरकार राजश्व बाँडफाँट तर्फको २५ लाख ६६ हजार ७ सय ६६ रुपैयाँ ५७ पैसा, गण्डकी प्रदेश सरकारको विशेष अनुदान र समपुरक अनुदान तर्फको २० लाख रुपैयाँ र ३० लाख रुपैयाँ तथा स्थानीय राजश्व बाँडफाँट तर्फको २ लाख ४६ हजार ८ सय ६९ रुपैयाँ र आन्तरिक श्रोत (चालु आ.व. को राजश्व सङ्कलन तथा गत आ.व. को अ.ल्या. समेत) तर्फ ४ करोड ६६ लाख २१ हजार १ सय ५९ रुपैयाँ ९० पैसा गरी जम्मा २८ करोड ३६ लाख ८५ हजार ४ सय २१ रुपैयाँ ५२ पैसा अर्थात कुल अनुमानको ५४.७८% यथार्थ राजश्व तथा अनुदान सङ्कलन तथा परिचालन भएको व्यहोरा प्रस्तुत गर्दछु ।

**बजेट परिचालन**

त्यसैगरी गाउँपालिकाबाट भएको आ.व. २०८२।८३ को बजेट परिचालनतर्फ २०८२ पौष १० गतेसम्मको विवरण प्रस्तुत गर्न चाहन्छु ।

**चालु खर्चतर्फः**

चालु खर्च शिर्षक अन्तर्गत ३७ करोड २५ लाख ३२ हजार रुपैयाँ विनियोजन स्वीकृत गरिएकोमा २०८२ पौष १० गतेसम्म ९ करोड २४ लाख १५ हजार ७ सय ४२ रुपैयाँ ३६ पैसा अर्थात कुल स्वीकृत विनियोजनको २४.८१% खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

**पूँजीगत खर्चतर्फः**

पूँजीगत खर्च शिर्षक अन्तर्गत १४ करोड ५३ लाख ०८ हजार ८ सय २० रुपैयाँ विनियोजन स्वीकृत गरिएकोमा २०८२ पौष १० गतेसम्म १ करोड ८६ लाख ५ हजार ४ सय ३५ रुपैयाँ ९९ पैसा अर्थात कुल स्विकृत विनियोजनको १२.८०% खर्च भएको व्यहोरा प्रस्तुत गर्दछु ।

CamScanner

यसरी समग्रमा, आ.व. २०८२।८३ अन्तर्गत २०८२ पौष १० गतेसम्म ११ करोड १० लाख २१ हजार १ सय ७८ रुपैयाँ ३५ पैसा खर्च अर्थात २१.४४% वित्तीय उपलब्धी हासिल भएको व्यहोरा निवेदन गर्दछु । जसको विस्तृत विवरण अनुसूची -२ मा उल्लेख गरेको छु । चालु आ.व. को मध्यावधिसम्म आइपुग्दा हासिल भएको यो वित्तीय प्रगती तुलनात्मक रुपमा न्यून प्रगती हासिल भएको देखिन्छ । यस्तो हुनुको प्रमुख कारणहरुमा भदौ २३ र २४ गतेको जेन-जी (Gen-Z) हरुको वृहत् संघर्षपूर्ण आन्दोलन र त्यसबाट श्रृजित विभिन्न घटनाक्रम साथै संघीय सरकारको अस्थिरताका कारण देखिएका बजेट तथा कार्यक्रम कार्यान्वयन सम्बन्धी कतिपय निर्देशन, निर्देशिका, द्विविधा, अन्यौलता एवम् बजेट निकासाका सम्बन्धमा भएका फरक धारणा र बुझाई र प्रायः वडाहरुमा योजना कार्यान्वयनका लागि समयमा उपभोक्ता समिति बनाउने सम्बन्धमा देखिएको ढिला सुस्ती एवम् उदासिनताका कारण योजनाहरु समयमा सम्झौता नहुनु र कार्यान्वयनमा जान नसक्नु न्यून वित्तीय प्रगतीका मूख्य कारणहरु हुन् । कार्यालयबाट नियमित रुपमा हुने तथा गर्नुपर्ने भनि तोकिएका विभिन्न कार्यक्रमहरुको तयारी तथा कार्यान्वयन भइरहेको र यिनीहरुको अन्तिम परिणाम तथा प्रतिवेदन हासिल एवम् प्राप्त भएपछि मात्र भुक्तानी प्रक्रिया अगाडी बढाइने हुँदा पनि उक्त कार्यलाई वित्तीय प्रगतीमा दर्साउन नसकिएको हुँदा वित्तीय प्रगती न्यून देखिन गएको व्यहोरा जानकारी गराउन चाहन्छु ।

**गाउँसभाका उपाध्यक्ष्यज्यू तथा सदस्यज्यूहरु,**

गाउँपालिकाको उन्नाईसौं गाउँसभाबाट हामीले तय गरेका नीति तथा कार्यक्रमको कार्यान्वयनले समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय आकांक्षाको अनुशरणका माध्यमबाट ***"समृद्ध रघुगंगा, सुखी रघुगंगाबासी"*** भन्ने गाउँपालिकाको लक्ष्यलाई गन्तव्यमा पुऱ्याउन मद्दत गर्नेछ । सबैलाई समान अवसर र अधिकार, सुरक्षाको प्रत्याभूती एवम् उत्तिकै सम्मानको प्रत्याभूती जस्ता मानवीय विकास, संवेदना र नागरिकको दैनिकीसँग जोडिएका विषयहरु चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनबाट सम्बोधन हुने कुरामा म विश्वास राख्दछु ।

अन्तमा चालु आ.व. को नीति तथा कार्यक्रम र बजेटको कार्यान्वयनका लागि सहयोग गर्नुहुने सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु, राजनीतिक दल, रघुगंगा गाउँपालिकाका निवर्तमान जनप्रनिधिहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न संघ-संस्थाका प्रमुख एवम् प्रतिनिधीहरु, अभियान्ताहरु, नागरिक समाज, पत्रकार एवम् सञ्चारकर्मी, सुरक्षाकर्मी,

CamScanner

स्थानीय युवा क्लव, आमा/महिला समूह लगायत सम्पूर्ण गाउँपालिकाबासी आदरणीय आमाबुवा, दाजुभाई, दिदी-बहिनीहरु प्रति हार्दिक आभार प्रकट गर्दछु ।
यस वक्तव्य तथा अर्धवार्षिक समिक्षा प्रतिवेदनको मस्यौदा तयारीमा जुट्नुहुने प्रमुख प्रशासकीय अधिकृत लगायतका सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति धन्यवाद व्यक्त गर्दछु । यस आ.व. को नीति तथा कार्यक्रमको सफल कार्यान्वयनका लागि सबै पक्षको सहकार्य, समन्वय र अपनत्वको आवश्यकता पर्दछ । यसका लागि सम्पूर्ण जनप्रतिनिधीहरु, कर्मचारीहरु, राजनीतिक दल, रघुगंगा गाउँपालिकाका निवर्तमान जनप्रनिधिहरु, विभिन्न कार्यालयका कार्यालय प्रमुखहरु, विभिन्न संघ-संस्थाका प्रमुख एवम् प्रतिनिधीहरु, अभियान्ताहरु, नागरिक समाज, पत्रकार एवम् सञ्चारकर्मी, सुरक्षाकर्मी, स्थानीय युवा क्लव, आमा/महिला समूह लगायत सबैको निरन्तर सहयोग एवम् उपयुक्त सुझाव सल्लाह प्राप्त भइरहने विषयमा पूर्ण विश्वस्त छु । धन्यवाद !

जय रघुगंगा गाउँपालिका !
जय रघुगंगाबासी !
भव बहादुर भण्डारी
गाउँपालिका अध्यक्ष

२०८२।०९।१४ गते सोमबार

CamScanner

अनुसूची -१, यथार्थ आय-व्यय विवरण २०८१।८२

रघुगंगा गाउँपालिकामा आ.व. २०८१।८२ अन्तर्गत २०८१ साल श्रावण महिनाको सुरु देखि २०८२ साल असार मसान्तसम्म भएको स्रोत बमोजिमको आय र व्ययको विवरण:

| क.सं. | स्रोत | तह | चालु आ. व. को स्विकृत बजेट | थप बजेट | घट बजेट | नयाँ कायम बजेट | निकासा भएको रकम रु. | खर्च रकम रु. |
|---|---|---|---|---|---|---|---|---|
| १ | समानिकरण अनुदान | नेपाल सरकार | ७८२०००००.०० | ०.०० | ०.०० | ७८२०००००.०० | ७११६२०००.०० | ४९८३६६९७.२७ |
| २ | समानिकरण अनुदान | प्रदेश सरकार | ९४५७०००.०० | ०.०० | ०.०० | ९४५७०००.०० | ९४५७०००.०० | ८१२४७३४.०० |
| ३ | राजश्व बाँडफाँड | संघीय सरकार | ९२२०००००.०० | ०.०० | ०.०० | ९२२०००००.०० | ८२९८५२७२.६६ | ७०६९६९५२.४६ |
| ४ | शसर्त अनुदान | संघीय सरकार | २१८५२४०००.०० | ०.०० | ०.०० | २१८५२४०००.०० | १९१०५६२८२.३७ | १९१०५६२८२.३७ |
| ५ | शसर्त अनुदान | प्रदेश सरकार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ६ | राजश्व बाँडफाँड | प्रदेश सरकार | ११४३८०००.०० | ०.०० | ०.०० | ११४३८०००.०० | ७९४८८०७.९५ | ८६४२९४४.८५ |
| ७ | समपुरक अनुदान | प्रदेश सरकार | ६००००००.०० | ०.०० | ०.०० | ६००००००.०० | २७८२४९६.८८ | २७८२४९६.८८ |
| ८ | समपुरक अनुदान | संघीय सरकार | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.०० |
| ९ | विशेष अनुदान | संघीय सरकार | १२५०००००.०० | ०.०० | ०.०० | १२५०००००.०० | ५१५७७२०.०० | ५१५७७२०.०० |
| १० | विशेष अनुदान | प्रदेश सरकार | ४००००००.०० | ०.०० | ०.०० | ४००००००.०० | ४००००००.०० | ४००००००.०० |
| ११ | राजश्व बाँडफाँड | स्थानीय सरकार | ७००२०००.०० | ०.०० | ०.०० | ७००२०००.०० | ६९४१३६.९० | ६९४१३६.९० |
| १२ | आन्तरिक राजश्व | आन्तरिक | ७४९८०००.०० | ०.०० | ०.०० | ७४९८०००.०० | १४०२४५२१.१० | ५५५०९११.५२ |
| १३ | गत वर्षको बजेट | आन्तरिक | ४००००००००.०० | ०.०० | ०.०० | ४००००००००.०० | ३४४०१२१९.८३ | ३४४०१२१९.८३ |
| | जम्मा | | ४८६८१९०००.०० | ०.०० | ०.०० | ४८६८१९०००.०० | ४२३६६९४५७.६९ | ३८०९४४०९६.०८ |

| क.सं. | खर्च प्रकार | खर्च प्रतिशत | खर्च रकम रु. |
|---|---|---|---|
| १ | चालु | ८२.३३ | २९८१७२४०६.९३ |
| २ | पुँजिगत | ६६.४० | ८२७७१६८९.१५ |
| ३ | वित्तीय | ०.०० | ०.०० |
| | जम्मा | ७८.२५ | ३८०९४४०९६.०८ |

| | |
|---|---|
| प्रकोप (विपद) व्यवस्थापन कोषमा अ.ल्या. | ५४१२२९०.५६ |
| कोषमा चालु आ.व. मा जम्मा | ४४५००००.०० |
| कोषमा प्राप्त जम्मा रकम | ९८६२२९०.५६ |
| प्रकोप (विपद) व्यवस्थापन कोषबाट भएको खर्च | १९७९२७५.०० |
| बाँकी रकम | ७८८३०१५.५६ |

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल गर्दा उपाध्यक्षको वक्तव्य, बजेट तथा कार्यक्रम संशोधन तथा आर्थिक ऐन, २०८२ माथिको संशोधन सहित राजश्व परामर्श समितिको प्रतिवेदन सर्वसम्मत रुपमा स्वीकृत गर्ने निर्णय गरियो ।

## गाउँपालिका उपाध्यक्ष श्री प्रेम कुमारी पुनले २०औं गाउँसभा समक्ष पेश गर्नुभएको वक्तव्य तथा आर्थिक वर्ष २०८२।०८३ को संशोधन प्रस्ताव

# रघुगंगा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

मौवाफाँट, म्याग्दी

पौष १४, २०८२

CamScanner

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

सर्वप्रथम, रघुगंगा गाउँपालिकाको गाउँसभाको २०औं गाउँसभाको अवसरमा उपस्थित सम्पूर्ण महानुभावहरुलाई हार्दिक स्वागत तथा अभिवादन व्यक्त गर्दछु । यस महत्वपूर्ण अवसरमा मुलुकमा नागरिक सर्वोच्चता, असल शासन प्रणाली, सामाजिक रुपान्तरण र अग्रगमनका लागि भएका ऐतिहासिक जनआन्दोलन, जेन्जी आन्दोलन तथा बलिदानीपूर्ण संघर्षमा आफ्नो अमूल्य जीवनको आहुती गर्नुहुने सम्पूर्ण ज्ञात अज्ञात अमर सहिदहरुप्रति हार्दिक श्राद्धाञ्जली अर्पण गर्दछु ।

रघुगंगा गाउँपालिकाको अत्यन्तै महत्त्वपूर्ण तथा विशेष समारोहका रुपमा आयोजना गरिएको यस बिसऔं गाउँसभाको अवसरमा आफूलाई उपाध्यक्षका रुपमा प्राप्त भएको अधिकारलाई सदैव गाउँपालिका र गाउँपालिकाबासीको विकास तथा समृद्धि, हक, हित, अधिकारको संरक्षण एवम् प्रवर्द्धन र निरन्तर सेवा प्रवाहमा जुटिराख्न प्राप्त भएको कर्तव्यका रुपमा लिई अनवरत रुपमा अगाडी बढेको छु; जसबाट आफूलाई गौरवको अनुभूति प्राप्त भएको महसुस गरेको छु ।

यो बजेट कार्यान्वयनबाट विगतका आर्थिक वर्षदेखि थालनी गरिएको *"समृद्ध रघुगंगा, सुखी रघुगंगावासी"* भन्ने अभियानलाई मन, वचन र कर्मले निरन्तरता दिदैं गाउँपालिकाको सुख, शान्ति, समृद्धि, गौरव, गरिमा र समून्नति हासिलका लागि हाम्रा प्रयास, प्राथमिकता, प्रतिवद्धता र गाउँपालिकावासीका विकास सम्बन्धी आकांक्षाहरुलाई सम्बोधन गर्ने गरी तयार पारिएको आर्थिक बर्ष २०८२/०८३ को बजेट वक्तव्य तथा संशोधन प्रस्तावलाई यस सम्मानित गाउँसभाको २०औं सभामा प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

**गाउँसभाका अध्यक्ष महोदय,**

**गाउँसभाका सदस्यज्यूहरु ।**

उन्नाईसौं गाउँसभामा श्रद्धेय अध्यक्ष महोदयले प्रस्तुत गर्नुभएको नीति तथा कार्यक्रम र सोलाई सफलिभूत पार्न मैले प्रस्तुत गरेको बजेट वक्तव्यमा उल्लेख भएका कतिपय योजनाहरू प्राविधिक कारणले कार्यान्वयन गर्न कठिन देखिएको तथा कतिपय महत्वपूर्ण आयोजनाहरू बजेट अभावका कारण अधुरो रहने अवस्था सिर्जना भएकाले यो संशोधन प्रस्ताव पेश गरेको छु। बजेट कार्यान्वयनको यस अवधिमा राजस्व संकलनको वास्तविक अवस्था र खर्चको आवश्यकताबीच सन्तुलन मिलाउनुपर्ने

CamScanner

१. योजनाको गुणस्तर सुनिश्चितता तथा भुक्तानी प्रक्रियाः

उपभोक्ता समिति मार्फत कार्यान्वयनमा रहेका योजना तथा कार्यक्रमहरूको प्रभावकारी अनुगमनलाई प्राथमिकता दिइएको छ। सम्पन्न भएका कार्यहरूको सम्बन्धित फिल्डमा पुगी प्राविधिक नापजाँच तथा गुणस्तर परीक्षण गरेर मात्र भुक्तानीका लागि सिफारिस गर्ने प्रणाली अपनाइएको छ। यसबाट पारदर्शीता र दिगोपन सुनिश्चित भएको छ। साथै, कार्य अधुरो देखिएमा, शंकास्पद वा कमजोर पाइएमा योजनाको पूनर्मूल्याङ्कन गर्न लगाई आवश्यक सुधार पश्चात मात्र भुक्तानी सिफारिस गर्ने गरिएको छ।

२. यातायात सञ्चालन तथा तत्परताः

गाउँपालिका क्षेत्रभित्र नियमित र भरपर्दो यातायात सञ्चालनका लागि विशेष पहल गरिएको छ। प्राकृतिक प्रकोप वा अन्य कारणले बाटो अवरोध भएको पाइएमा तत्काल सम्बन्धित फिल्डमा पुगी बाटो खुलाउन वा खुलाउनका लागि आवश्यक पहलकदमी लिने गरिएको छ, जसले गर्दा जनजीवनमा सहजता आएको छ।

३. समन्वय र डुप्लिकेशन नियन्त्रणः

संघीय तथा प्रदेश सरकारका अन्य कार्यालयहरूबाट समेत सञ्चालन गरिएका ठूला पूर्वाधार आयोजनाहरूको अनुगमनका क्रममा डुप्लिकेशन (दोहोरोपना) हुन नदिन विशेष ध्यान पुऱ्याइएको छ। फिल्डमा खटिएका बेला ती आयोजनाहरूको समेत अनुगमन गरी आवश्यक समन्वय गर्ने गरिएको छ, जसले स्रोतको दुरुपयोग हुनबाट बचाएको छ।

४. जनसहभागिता र गुनासो सुनुवाइः

अनुगमनका क्रममा स्थानीय बासिन्दासँग प्रत्यक्ष संवाद गरी योजनाको अवस्था र जनचाहना बुझ्ने गरिएको छ। प्राप्त गुनासो तथा सुझावहरूलाई तत्काल सम्बोधन गर्ने र आवश्यक देखिएमा सम्बन्धित वडा कार्यालय वा विषयगत शाखामा जानकारी गराई समस्या समाधान गर्ने गरिएको छ । यस बाहेक चौमासिक तथा वार्षिक सार्वजनिक सुनुवाई सञ्चालन गरी प्रत्यक्ष रुपमा जनताको गुनासो सुनुवाई गर्ने र समाधानका आवश्यक कदमहरु अगाडी बढाउने कार्य गरिएको छ ।

५. त्रैमासिक प्रगति समीक्षाः

योजना तथा कार्यक्रमहरूको भौतिक तथा वित्तीय प्रगति यकिन गर्न प्रत्येक त्रैमासिक रूपमा समीक्षा बैठक बस्ने गरिएको छ । यसबाट लक्षित समयभित्र

## अनुसूची -३, बजेट तथा कार्यक्रम संशोधन प्रस्ताव, २०८२ (पौष)

### १. बजेट संशोधन भएका साविकका योजना तथा कार्यक्रमहरु

#### क. पूँजीगत खर्च तर्फ

| क्र.सं. | साविक योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | साविक बजेट | थप बजेट | घट बजेट | नयाँ कायम बजेट |
|---|---|---|---|---|---|---|
| १ | फर्निचर तथा फिक्चर्स | ३११२३ | ४०००००० | ० | १४००००० | २६००००० |
| २ | मेशिनरी तथा औजार (कम्प्युटर, ल्यापटप, ब्याकअप, प्रिन्टर लगायत आवश्यक उपकरण खरिद) | ३११२२ | १०००००० | ७००००० | ० | १७००००० |
| ३ | भवन निर्माण तर्फका क्रमागत योजनाहरुको कार्यपालिकाबाट निर्णय गरी भुक्तानी गर्ने (प्रशासकीय भवन निर्माण र मुक्तिधाम मा.वि. प्राविधिक धारतर्फको भवन र छात्रवास निर्माण) | ३११११ | १३३७८००० | ० | ८००००० | १२५७८००० |
| ४ | गत वर्षको दायित्व भुक्तानी (अनुमानित) | ३११५९ | ३०००००० | ० | २५००००० | ५००००० |
| ५ | वडा कार्यालय सभाहल तथा घेराबार निर्माण वडा नं. १ | ३१११२ | २२००००० | १०००००० | ० | ३२००००० |
| ६ | बाँदुक खेलमैदान घेराबार निर्माण वडा नं. १ | ३११७१ | ३००००० | २००००० | ० | ५००००० |
| ७ | अक्षेता कमलजैसी मन्दिर मुनि मोटरबाटो निर्माण वडा नं. ३ | ३११५१ | २००००० | १००००० | ० | ३००००० |
| ८ | जनता मा.वि. संरक्षण वडा नं. ४ | ३११५४ | २५०००० | ३००००० | ० | ५५०००० |
| ९ | ठोड्नेरी माझखर्क खानेपानी इनटेक निर्माण वडा नं. २ | ३११५६ | १५०००० | ५०००० | ० | २००००० |
| १० | विद्यालय कम्प्युटर खरिद तथा व्यवस्थापन | ३११२२ | ५००००० | ७५००० | ० | ५७५००० |
| ११ | निर्मित भवनको संरचनात्मक सुधार खर्च | ३१११३ | ५००००० | ० | ४००००० | १००००० |

#### ख. चालु खर्च तर्फ

| क्र.सं. | साविक योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | साविक बजेट | थप बजेट | घट बजेट | नयाँ कायम बजेट |
|---|---|---|---|---|---|---|
| १ | औषधिउपचार खर्च | २११२३ | २००००० | ० | १९०००० | १०००० |
| २ | कर्मचारी प्रोत्साहन तथा पुरस्कार | २११३५ | २००००० | ० | ११०००० | ९०००० |
| ३ | इन्धन - अन्य प्रयोजन | २२३१४ | ३००००० | ० | २५०००० | ५०००० |
| ४ | सूचना प्रणाली तथा सफ्टवयेर सञ्चालन खर्च | २२४१२ | १०००००० | ० | ८००००० | २००००० |
| ५ | सभा सञ्चालन तथा तयारी खर्च | २२७२१ | ५००००० | ० | १५०००० | ३५०००० |
| ६ | वार्षिक तथा अर्धवार्षिक समिक्षा | २२५२२ | ३००००० | ० | २५०००० | ५०००० |
| ७ | दैनिक तथा भ्रमण खर्च (पदाधिकारी) | २२६१२ | ५००००० | ० | ३००००० | २००००० |
| ८ | विशिष्ट व्यक्ति तथा प्रतिनिधि मण्डलको भ्रमण खर्च | २२६१३ | २००००० | ० | १००००० | १००००० |
| ९ | कर्मचारी तथा जनप्रतिनिधि अध्ययन अवलोकन भ्रमण खर्च | २२६१९ | ८००००० | ० | २००००० | ६००००० |
| १० | मेशिनरी तथा औजार मर्मत सम्भार तथा सञ्चालन खर्च | २२२२१ | ७००००० | ० | २००००० | ५००००० |
| ११ | राजश्व सङ्कलन तालिम, कर शिक्षा तथा सचेतना कार्यक्रम | २२५१२ | २००००० | ० | १००००० | १००००० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १२ | महिला/आमा समूह परिचालन तथा क्षमता अभिवृद्धि कार्यक्रम | २२५१२ | २००००० | ० | १००००० | १००००० |
| १३ | ज्येष्ठ नागरिक सीप/अनुभव पुस्तान्तरण कार्यक्रम | २२५२२ | २००००० | ० | १४०००० | ६०००० |
| १४ | विभिन्न लक्षित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय दिवशीय कार्यक्रम सञ्चालन | २२५२२ | २००००० | ० | १००००० | १००००० |
| १५ | विभिन्न खेलकुद सम्बन्धी कार्यक्रम | २२५२२ | १०००००० | ० | ९००००० | १००००० |
| १६ | ७५% अनुदानमा उन्नत गहुँ बीउ वितरण | २२५२९ | २००००० | ० | १००००० | १००००० |
| १७ | विद्यालय अनुगमन तथा सुपरीवेक्षण | २२६११ | ३००००० | ० | १५०००० | १५०००० |
| १८ | कर्मचारीको सामाजिक सुरक्षा कोष खर्च | २१२११ | १५००००० | १३००००० | ० | २८००००० |
| १९ | कार्यालय सञ्चालन अन्य | २२३१९ | ७००००० | ० | २००००० | ५००००० |
| २० | सवारी साधन मर्मत खर्च | २२२१३ | ३०००००० | ० | ५००००० | २५००००० |
| २१ | स्थानीय पाठ्यपुस्तक निर्माण कक्षा १ देखि कक्षा ३ सम्म | २५३११ | ७००००० | १२०००० | ० | ८२०००० |
| २२ | विविध कार्यक्रम खर्च | २२५२९ | ८००००० | ० | २००००० | ६००००० |
| २३ | नि:शुल्क कुकुर बन्ध्याकरण | २२५२२ | ७००००० | ५०००० | ० | ७५०००० |
| २४ | मेलमिलापकर्ताहरुका लागि आधारभूत तालिम सञ्चालन | २२५२२ | ८००००० | ० | १५०००० | ६५०००० |
| २५ | कर्मचारी तथा जनप्रतिनिधि तालिम तथा क्षमता विकास खर्च | २२५११ | ५००००० | २४०७९२ | ० | ७४०७९२ |
| २६ | विपद् व्यवस्थापन खर्च वडा नं. ५ | २७२१२ | २००००० | ० | १००००० | १००००० |

## २. सभाबाट पुरै हटाइएका साविकका योजना तथा कार्यक्रमहरु

### क. पूँजीगत खर्च तर्फ

| क्र.सं. | साविक योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | साविक बजेट | थप बजेट | घट बजेट | नयाँ कायम बजेट |
|---|---|---|---|---|---|---|
| १ | कम्प्युटर सफ्टवयेर निर्माण तथा खरिद खर्च | ३११३४ | ५००००० | ० | ५००००० | ० |
| २ | सरस्वती आमा समूह भवन निर्माण तिप्ल्याङ्ग वडा नं. १ | ३१११२ | ८००००० | ० | ८००००० | ० |
| ३ | अनुसन्धान तथा विकास सम्बन्धि खर्च | ३११३२ | ५००००० | ० | ५००००० | ० |
| ४ | पूँजीगत परामर्श खर्च | ३११३५ | २०००००० | ० | २०००००० | ० |
| ५ | नरसिंहथान बस्तीमा ढल व्यवस्थापन वडा नं. २ | ३११५८ | ४००००० | ० | ४००००० | ० |
| ६ | झीं समाजघर तथा बृहत् घोप्टेखोला खानेपानी साझेदारी वडा नं. ५ | ३११५६ | २०००००० | ० | २०००००० | ० |
| ७ | झींसामुदायिक विकास केन्द्र निर्माण वडा नं. ५ | ३१११२ | २१००००० | ० | २१००००० | ० |
| ८ | कुइने समाजघर वडा नं. ८ | ३१११२ | १०००००० | ० | १०००००० | ० |
| ९ | श्रीकृष्ण युवा क्लव खेलमैदान निर्माण वडा नं. ८ | ३११५९ | १०००००० | ० | १०००००० | ० |
| १० | स्वामीबोट हुँदै छिङ्ग गोरेटोबाटो निर्माण वडा नं. ३ | ३११५१ | १५०००० | ० | १५०००० | ० |
| ११ | ढुम्चिौर आमा समूह शौचालय निर्माण वडा नं. २ | ३११५८ | १५०००० | ० | १५०००० | ० |
| १२ | पाल्लेखर्क खेलमैदान मर्मत वडा नं. ८ | ३११७१ | ४००००० | ० | ४००००० | ० |
| १३ | वडा अध्यक्ष कप -२०८२ रनिङ्ग शिल्ड प्रतियोगिता वडा नं. ६ | २२५२२ | ५००००० | ० | ५००००० | ० |
| १४ | शिव आ.वि. रङ्गरोगन तथा शौचालय मर्मत योजना वडा नं. ४ | ३११५८ | ३००००० | ० | ३००००० | ० |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १५ | रायखोर मुलपानी गोरेटोबाटो निर्माण वडा नं. ६ | ३११५१ | ४००००० | ० | ४००००० | ० |
| १६ | विष्णुपञ्चाङ्ग मन्दिर निर्माण रानिपौवा वडा नं. ३ | ३११५९ | ३००००० | ० | ३००००० | ० |
| ~~१७~~ | ~~रानीपौवा देवी मन्दिर निर्माण वडा नं. ३~~ | ~~३११५९~~ | ~~५०००००~~ | ~~०~~ | ~~५०००००~~ | ~~०~~ |
| १८ | राहुपारी हरखर्क गोरेटो बाटो निर्माण वडा नं. ३ | ३११५१ | १५०००० | ० | १५०००० | ० |
| १९ | भेडिओडार सुनझाँक्रि भिरमा खानेपानी व्यवस्थापन वडा नं. ३ | ३११५६ | २००००० | ० | २००००० | ० |
| २० | कलेजबाङ्ग आमा समूह सामग्री खरिद वडा नं. ३ | ३११२३ | २००००० | ० | २००००० | ० |
| २१ | धरमपानी आमा समूह भवन मर्मत वडा नं. ३ | ३११६१ | ३००००० | ० | ३००००० | ० |

**ख. चालु खर्च तर्फ**

| क्रं.सं. | साविक योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | साविक बजेट | थप बजेट | घट बजेट | नयाँ कायम बजेट |
|---|---|---|---|---|---|---|
| ११ | मेलमिलाप केन्द्र व्यवस्थापन | २२११३ | १००००० | ० | १००००० | ० |
| १२ | सेवा र परामर्श खर्च | २२४११ | ५००००० | ० | ५००००० | ० |
| १३ | खानेपानीका मुहानको पहिचान, संरक्षण, गुणस्तर परीक्षण, निर्मलीकरण र सरसफाई कार्यक्रम सञ्चालन | २२११३ | ३००००० | ० | ३००००० | ० |
| १५ | उपभोक्ता समितिको अनुशिक्षण कार्यक्रम | २२५१२ | २००००० | ० | २००००० | ० |
| १७ | बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि बालबालिका तथा युवा सम्बन्धी कार्यक्रम | २२५२२ | ५००००० | ० | ५००००० | ० |
| १९ | निःशुल्क पशु स्वास्थ्य शिविर सञ्चालन | २२५२२ | ४००००० | ० | ४००००० | ० |
| २० | राष्ट्रिय तथा अन्तर्राष्ट्रिय भगीनी सम्बन्ध | २२५२२ | ५००००० | ० | ५००००० | ० |
| २५ | स्वास्थ्य चौकीहरुमा करेसाबारी तथा बगैंचा निर्माण | २५३१२ | ४००००० | ० | ४००००० | ० |
| २९ | प्राधानाध्यापक बैठक खर्च | २२७११ | ३००००० | ० | ३००००० | ० |
| ३० | आधारभूत तहको परीक्षा सञ्चालन खर्च | २२७११ | ६००००० | ० | ६००००० | ० |
| ३१ | सुन्तलाको बिरुवा खरिद तथा निःशुल्क वितरण | २२५२२ | ५५०००० | ० | ५५०००० | ० |
| ३५ | गाउँपालिका अध्यक्ष कप प्रतियोगिता | २२५२२ | १३००००० | ० | १३००००० | ० |

**३. गाउँ सभाबाट नयाँ बनाइएका / कायम भएका योजना तथा कार्यक्रमहरु**

**क. पूँजीगत खर्च तर्फ**

| क्रं.सं. | नयाँ कायम योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | बजेट रकम |
|---|---|---|---|
| १ | अमर माध्यमिक विद्यालय वाल निर्माण तथा घेराबार वडा नं. ६ | ३११५४ | ५००००० |
| २ | कार्यपालिका बैठक टेवल लगायत फर्निचर व्यवस्थापन | ३११२३ | ४००००० |
| ३ | ७ नं. वडा अध्यक्षका लागि ल्यापटप खरिद | ३११२२ | १२५००० |
| ४ | पत्रकार महासंघ म्याग्दीलाई भवन निर्माण तथा कार्यालय व्यवस्थापनमा सहयोग | ३११६१ | १५०००० |
| ५ | तिप्ल्याङ्ग शिवालय मन्दिर भवन निर्माण वडा नं. १ | ३११५९ | ९८०००० |

| | | | |
|---|---|---|---|
| ६ | गाउँपालिका प्रशासकीय भवनको सेप्टी टयाङ्की, सक फिट तथा पानी टयाङ्की निर्माण | ३१११२ | ९६०००० |
| ७ | वडा कार्यालय घेराबार वडा नं. १ | ३११५४ | २००००० |
| ८ | २ नं. वडा कार्यालय निर्माण तथा मर्मत सम्भार | ३१११२ | ९००००० |
| ९ | पातिकाल्ना आमा समूह भवन निर्माण योजना वडा नं. ३ | ३११६१ | २००००० |
| १० | नेपाल पर्यटन बोर्डको पर्यटन पूर्वाधार विकास कार्यक्रमसँगको साझेदारी वडा नं. ४ | ३११५१ | १६७००० |
| ११ | कोटगाउँ कालमोडा सडक निर्माण तथा मर्मत योजना वडा नं. ६ | ३११५१ | ५५०००० |
| १२ | ६ नं. टोल ढल तथा फोहोर पानी व्यवस्थापन योजना वडा नं. ७ | ३११५८ | २००००० |
| १३ | जनसेवा आ.वि. भवन मर्मत योजना वडा नं. ८ | ३१११२ | ११०००० |
| १४ | टोल नं. ५ समाजघर बैठक कक्ष निर्माण वडा नं. १ | ३१११२ | २००००० |
| १५ | नरसिंहथान बस्ती संरक्षण वडा नं. २ | ३११५४ | ५००००० |
| १६ | रिखार मन्दिर जाने गोरेटोबाटो निर्माण वडा नं. ८ | ३११५१ | ३००००० |
| १७ | उल्लेरी रायखोर गोरेटोबाटो निर्माण वडा नं. ६ | ३११५१ | १००००० |
| १८ | झीं सामुदायिक विकास केन्द्र भवन निर्माण वडा नं. ५ | ३१११२ | ४८००००० |
| १९ | रुइसेटोल सार्वजनिक शौचालय निर्माण वडा नं. २ | ३११५८ | ३००००० |
| २० | नवसन्तोष युवा क्लव शौचालय निर्माण वडा नं. ३ | ३११५८ | ३००००० |
| २१ | दर्मिजा कभर्डहल फर्निचर व्यवस्थापन वडा नं. ४ | ३११२३ | २२०००० |
| २२ | उपल्लो औंरी गोरेटोबाटो निर्माण वडा नं. ४ | ३११५१ | १००००० |
| २३ | श्री जनसेवा आ.वि. को खेलमैदान निर्माण वडा नं. ८ | ३११५९ | ९९०००० |
| २४ | अमर माध्यमिक विद्यालय कक्षाकोठा व्यवस्थापन वडा नं. ७ | ३११७१ | २००००० |
| २५ | ज्ञानोदय मा.वि.को सभाहल व्यवस्थापन वडा नं. ३ | ३११७१ | १००००० |
| २६ | कतर खोला पुल निर्माण योजना वडा नं. ६ | ३११५१ | ४००००० |
| २७ | दर्मिजा गोरेटोबाटो वडा नं. ४ | ३११५१ | १५०००० |
| २८ | झिङखानी स्पोर्ट्स युवा क्लव भवन निर्माण वडा नं. ८ | ३१११२ | ९९०००० |
| २९ | प्रोजेक्टर तथा सि.सि. क्यामेरा जडान वडा नं. ५ | ३११२२ | १००००० |
| ३० | डुङ्गेधारा आमा समूह ढिकिजाँतो व्यवस्थापन तथा सेतिकाठा पानी टयाङ्की मर्मत वडा नं. २ | ३११५२ | १५०००० |
| ३१ | झीं वडा कार्यालयका लागि न्याक तथा भगवती स्वास्थ्य चौकीका लागि रिसेप्सन टेबल तथा न्याक खरिद तथा व्यवस्थापन | ३११२३ | २५०००० |
| ३२ | धुपिचौर देवी मन्दिर तथा घेराबार निर्माण वडा नं. २ | ३११५९ | २५०००० |
| ३३ | निर्माण कार्यको गुणस्तर जाँच गर्ने यन्त्र उपकरण खरिद | ३११२२ | ८००००० |
| ३४ | पाल्लेखर्क मोटरबाटो निर्माण वडा नं. ८ | ३११५१ | ४००००० |
| ३५ | कालाबाङ ठाडाखानी सडक मर्मत योजना वडा नं. ६ | ३११५१ | ५००००० |
| ३६ | शिव आ.वि. ग्याबिन तथा फिलिङ योजना वडा नं. ४ | ३११५४ | ३००००० |
| ३७ | संघर्ष युवा क्लब स्टेज तथा च्यानल गेट निर्माण साथै भवन मर्मत वडा नं. ६ | ३११११ | ४००००० |

| | | | |
|---|---|---|---|
| ३८ | मठ, मन्दिर, गोरेटोबाटो निर्माण तथा मर्मत वडा नं. ५ | ३११५१ | १००००० |
| ३९ | बगैंचा मन्दिर संरक्षण वडा नं. ३ | ३११५९ | ३००००० |
| ४० | ~~रानीपौवा देवी मन्दिर मर्मत वडा नं. ३~~ | ~~३११५९~~ | ~~५०००००~~ |
| ४१ | राहुपारी हरखर्क रानीपौवा गोरेटो बाटो निर्माण वडा नं. ३ | ३११५१ | १५०००० |
| ४२ | भेडिओडार सुनझाँक्रि भिरमा खानेपानी व्यवस्थापन वडा नं. २ | ३११५६ | २००००० |
| ४३ | कलेजवाङ्ग आमा समूह भवन मर्मत वडा नं. ३ | ३११६१ | २००००० |
| ४४ | धरमपानी आमा समूह भवन रङ्गरोगन, सामग्री खरिद वडा नं. ३ | ३११६१ | ३००००० |

## ख. चालु खर्च तर्फ

| क्र.सं. | नयाँ कायम योजना तथा कार्यक्रमको नाम | खर्च शिर्षक | बजेट रकम |
|---|---|---|---|
| १ | खानेपानी, सरसफाई तथा स्वच्छता योजना (Wash Plan) निर्माण | २२५२२ | ५००००० |
| २ | बालमैत्री स्थानीय शासन प्रवर्द्धन योजनाका लागि परामर्श तथा बालबालिका र युवा सम्बन्धि कार्यक्रम | २२५२२ | ६००००० |
| ३ | मौवाफाँट सडकबत्ती जडान | २२५२२ | ५०००० |
| ४ | मानवसेवा आश्रम बागलुङलाई सहयोग | २२५२२ | ४१२००० |
| ५ | कम्प्युटर शिक्षक पारिश्रमिक अमर मा.वि. पाखापानी | २१११११ | ३६०००० |
| ६ | प्राधानाध्यापक र गाउँ शिक्षा समितिको बैठक खर्च | २२७११ | ३००००० |
| ७ | आधारभूत तथा माध्यमिक तहको परीक्षा सञ्चालन खर्च | २२७११ | ६००००० |
| ८ | सुन्तलाको बिरुवा खरिद तथा वितरण | २२५२२ | ५५०००० |
| ९ | कृषि विकास शाखा अन्तर्गतका कर्मचारीहरुका लागि फिल्ड सामग्री खरिद | २२५२२ | ५०००० |
| १० | जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता | २२५२२ | ६००००० |
| ११ | गाउँपालिका अध्यक्ष कप प्रतियोगिता तथा विभिन्न खेलकुद प्रतियोगिता | २२५२२ | १३००००० |
| १२ | जस्तापाता खरिद वडा नं. ३ | २२५२२ | ३५०००० |
| १३ | कृषि प्रवर्द्धन कार्यक्रम वडा नं. ४ | २२५२२ | १३३००० |
| १४ | रितुङ मा.वि. तथा कुइने मंगले स्वास्थ्य चौकी व्यवस्थापन वडा नं. ८ | २२५२२ | ३१०००० |
| १५ | पोल बत्ती व्यवस्थापन वडा नं. ७ | २२५२२ | ३००००० |
| १६ | गाउँपालिका योजना तथा विकास डकुमेन्ट्री निर्माण | २२५२२ | १५०००० |

आन्तरिक स्रोत थप अनुमान/व्यवस्थापन (गत आ.व.को बैङ्क मौज्दात) -७,२२,७९२.०० (समेत)

## अनुसूची -४, आर्थिक ऐन, २०८२ माथिको संशोधन प्रस्ताव

ऐनको दफा ५ सँग सम्बन्धित अनुसूची -४ मा तपसिल बमोजिमका शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु थप/संशोधन गर्न आवश्यक रहेको भनी कार्यपालिकाको बैठकबाट पेश हुन आएको,

तपसिलः

| क्रं.सं. | कायम भएको व्यवस्था | | | थप/संशोधन सहित गर्नुपर्ने व्यवस्था | | |
|---|---|---|---|---|---|---|
| | मूल्याङ्कन | वार्षिक कर रु. | दर्ता दस्तुर रु. | मूल्याङ्कन | वार्षिक कर रु. | दर्ता दस्तुर रु. |
| ११ | इन्जिनियर | २,००० | १०,००० | इन्जिनियर / इलेक्ट्रिकल सेवा | २,००० | १०,००० |
| ११.१ | | | | इन्जिनियर/ इलेक्ट्रिकल सेवा (विदेशी) | | १५,००० |

सोहि दफा र अनुसूचीको पटके व्यवसाय कर अन्तर्गत तपसिल बमोजिमको कर, शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु थप/संशोधन गर्न आवश्यक रहेको भनी कार्यपालिकाको बैठकबाट पेश हुन आएको,

तपसिलः

| थप क्रं.सं. | थप/संशोधन गर्नुपर्ने विवरण | कर रु. |
|---|---|---|
| ६ | थाङ्गना पेल्ने, कपडा पेल्ने र कपास पेल्ने मेशिनको गाउँपालिकाभित्र सञ्चालन अनुमतिको प्रति महिना पटके घुम्ती कर | ८,००० |

ऐनको दफा ६ सँग सम्बन्धित अनुसूची -५ मा क्रं.सं. ११ र १५ लाई एकिकृत गरी ११.१ देखि ११.६ सम्मको व्यवस्था लागू गर्ने र क्रं.सं. १५ खारेजी गर्ने साथै १६ मा भएको व्यवस्थालाई १६.१ देखि १६.६ सम्मको व्यवस्था हुने गरी तपसिल बमोजिमका कर, शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु थप/संशोधन गर्न आवश्यक रहेको भनी कार्यपालिकाको बैठकबाट पेश हुन आएको,

तपसिलः

| क्रं.सं. | थप क्रं.सं. | थप/संशोधन गर्नुपर्ने विवरण | ईकाई | थप दर |
|---|---|---|---|---|
| ११ | ११.१ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति अन्य सवारी | २,००० |
| | ११.२ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्याक्टर | ४,००० |
| | ११.३ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रिपर ४ चक्के | ४,००० |
| | ११.४ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रिपर ६ चक्के | ६,००० |
| | ११.५ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रक १० चक्के | १०,००० |
| | ११.६ | पुरानो टिन, ड्रम, धातुका टुक्रा, फलाम, पित्तल, तामा | प्रति ट्रक १२ चक्के | १२,००० |
| १६ | १६.१ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति अन्य सवारी | २,००० |
| | १६.२ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्याक्टर | ४,००० |
| | १६.३ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रिपर ४ चक्के | ४,००० |
| | १६.४ | थोत्रिएर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रिपर ६ चक्के | ६,००० |

| | | | | |
|---|---|---|---|---|
| | १६.५ | थ्रेसर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रक १० चक्के | १०,००० |
| | १६.६ | थ्रेसर काम नलाग्ने मेशिनरी औजार | प्रति ट्रक १२ चक्के | १२,००० |

ऐनको दफा १३ सँग सम्बन्धित अनुसूची -१२ (क) मा तपसिल बमोजिमका शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु थप गर्न आवश्यक रहेको भनी कार्यपालिकाको बैठकबाट पेश हुन आएको,

तपसिल:

| क्र.सं. | थप क्र.सं. | थप मूल्याङ्कन | सेवा शुल्क रु. |
|---|---|---|---|
| १ | २२ | कपाली तमसुक प्रमाणीकरण: व्यक्ति तथा संस्था (जुनसुकै रकमको प्रति तमसुक -जग्गा बैनापट्टा समेत) | २०० |
| २ | २३. | अभिलेख प्रमाणीकरण शुल्क | ३०० |
| ३ | २४. | मृत्यु प्रमाणित | ३०० |
| ४ | २५. | NRN नागरिकताको सिफारिस दस्तुर | १,००० |
| ५ | २७. | जग्गाधनी पूर्जा प्रतिलिपी सिफारिस | ४०० |

ऐनको दफा १३ सँग सम्बन्धित अनुसूची -१२ (क) मा तपसिल बमोजिमका शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु संशोधन गर्न आवश्यक रहेको भनी कार्यपालिकाको बैठकबाट पेश हुन आएको,

तपसिल:

| क्र.सं. | कायम भएको व्यवस्था | | संशोधन सहित लागू गर्ने व्यवस्था |
|---|---|---|---|
| | मूल्याङ्कन | सेवा शुल्क रु. | सेवा शुल्क रु. |
| १६ | कृषि समूह दर्ता | ८०० (नविकरण प्रत्येक वर्षमा रु. ४००) | ८०० (नविकरण प्रत्येक दुई वर्षमा रु. ४००) |
| १७ | पशुपंक्षी समूह दर्ता | ८०० (नविकरण प्रत्येक वर्षमा रु. ४००) | ८०० (नविकरण प्रत्येक दुई वर्षमा रु. ४००) |
| १८ | कृषि तथा पशुपंक्षी समूह दर्ता | २,००० (नविकरण प्रत्येक वर्षमा रु. ४००) | २,००० (नविकरण प्रत्येक दुई वर्षमा रु. ४००) |

र ऐनको दफा १३ सँग सम्बन्धित अनुसूची -१२ (ख) मा तपसिल बमोजिमका शुल्क तथा दस्तुर र सोसँग सम्बन्धित दरहरु संशोधन गर्न आवश्यक रहेकाले संशोधनका लागि कार्यपालिकाको बैठक मार्फत गाउँसभामा पेश हुन आएको ।

तपसिल:

| क्र.सं. | कायम भएको व्यवस्था | | संशोधन सहित गर्नुपर्ने व्यवस्था | |
|---|---|---|---|---|
| | विवरण | दस्तुर रु. | विवरण | दस्तुर रु. |
| १९ | भवन निर्माण प्रतिलिपी | १,००० | भवन निर्माण इजाजत प्रतिलिपी | १,००० |

निर्णय नं. ३

प्रस्ताव नं. ३ माथि छलफल गर्दा मिति २०८२।०३।०५ देखि यस आ.व.मा हालसम्म कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृतबाट भएका सम्पूर्ण निर्णयहरू सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल गर्दा आ.व. २०८२।८३ मा सम्पूर्ण विषयगत समितिहरुबाट भएका निर्णयहरु सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ५

प्रस्ताव नं. ५ माथि छलफल गर्दा यस आ.व.को हालसम्म भए गरेका न्यायिक समितिका तपसिल बमोजिमका कामकाज समावेश गरी पेश हुन आएको अर्धवार्षिक प्रतिवेदन सर्वसम्मत रुपमा पारित गर्ने निर्णय गरियो ।

तपसिल

| क्र.सं. | उजुरी मिति | वादीको नाम | प्रतिवादीको नाम | विषय | अवस्था | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | २०८२।०२।११ | श्री योउ माया पुन | श्री भरत गुरुङ्ग | लेनदेन | मेलमिलाप | मेलमिलाप भईसकेको |

निर्णय नं. ६

प्रस्ताव नं. ६ माथि छलफल गर्दा चालु आ.व. २०८२।८३ अन्तर्गत गाउँ सभामा पेश भएको पौष १० गतेसम्मको सम्पूर्ण आय र व्यय सम्बन्धी अध्यक्षको प्रतिवेदन (अनुसूची -२) सर्वसम्मत रुपमा अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

प्रस्ताव नं. ७ माथि छलफल गर्दा आ.व. २०८१।८२ को महालेखा परीक्षकको प्रारम्भिक प्रतिवेदन उपर छलफल गरी बेरुजु फछ्र्यौट सम्बन्धी आवश्यक प्रक्रियाका लागि लेखा समितिमा पठाउने निर्णय गरियो ।

निर्णय नं. ८

प्रस्ताव नं. ८ माथि छलफल गर्दा हाइड्रोपावर लगायत विभिन्न संघ-संस्थाबाट प्राप्त हुने रकम गाउँपालिकाको विविध खर्च खातामा जम्मा गर्न लगाई उक्त खाता मार्फत खर्च गर्ने साथै सोहि खाता मार्फत गाउँपालिका कार्यालय घेराबार (कम्पाउण्ड वाल) तथा प्राङ्गण फिलिङ गरी सम्याउने प्राविधिक इस्टिमेट बमोजिमको कार्य अगाडी बढाउन कार्यालयलाई अनुमति प्रदान गर्ने निर्णय गरियो ।

CamScanner

निर्णय नं. ९

प्रस्ताव नं. ९ माथि छलफल गर्दा यस गाउँपालिकाको निर्माणाधिन प्रशासकीय भवन निर्माणको काम सम्पन्न गर्नका लागि चालु आ.व.मा १९औं गाउँसभाबाट २ करोड ५० लाख रुपैयाँ बजेट विनियोजन भएको तथा गण्डकी प्रदेश सरकारबाट समेत २ करोड ५० लाख रुपैयाँ बजेट प्राप्त हुने जानकारी प्राप्त भएको सम्बन्धमा उक्त भवन निर्माण सम्पन्न गर्नका लागि पटक पटक इस्टिमेट टुक्र्याई ठेक्का गर्ने कार्य कानूनी र कार्य प्रक्रियागत हिसाबले समेत अनुचित देखिने र कमसल र तल्लो तहका ठेकेदार समेत ठेक्का प्रक्रियामा सहभागी हुन पाउने हुँदा कामको गुणस्तरमा समेत प्रत्यक्ष प्रभाव पर्न सक्ने विषयलाई मध्येनजर गर्दै चालु आ.व.मा नै उक्त भवनको डि.पि.आर. बमोजिम सबै काम निर्माण सम्पन्न हुने गरी प्राविधिक इस्टिमेट गर्ने र सोहि बमोजिम ठेक्का आह्वान गर्ने साथै नपुग बजेट आगामी बजेट सभा (गाउँसभा) मा क्रमागत योजनामा समावेश गरी आवश्यक बजेट विनियोजन गर्ने निर्णय गरियो ।